


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ३० गते बुधबार ❑ 15 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## बाढी पीडितलाई एक करोड २१ लाख बराबरको राहत - मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा बाढी पीडितलाई रु एक करोड २१ लाख ४६ हजार ९७३ बराबरको राहत उपलब्ध गराइएको बताउनुभएको छ।

गण्डकी प्रदेशसभाको आजको बैठकमा उहाँले बर्खायामको सुरुआतसँगै गण्डकी प्रदेश र मुलुकभर बाढी पहिरोले ठूलो क्षति पुऱ्याएको जानकारी दिनुभयो । असार १ गतेयता प्रदेशमा बाढीपहिरोमा परी ३३ जनाको मृत्यु, ४४ जना घाइते र दुईजना अझै बेपत्ता भएको उहाँले बताउनुभयो । भौतिक क्षतिको विवरण सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमार्फत सङ्कलन भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले बाढी पहिराका कारण ५०२ घर, पाँच सरकारी कार्यालय, सात विद्यालय, छ सामुदायिक भवन, २५ हाइड्रोपावर, ३६ पक्की पुललगायतमा क्षति पुग्नुका साथै १७६ ठाउँको सडकमा क्षति पुगी यातायात अवरुद्ध भएको जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेशमा विपद्को समयमा ७३१ घरका तीन हजार ७७० लाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ भने एक हजार २०५ घरधुरीका चार हजार ७६५ जनालाई रु ७९ लाख ६१ हजार ८९३ बराबरको जिन्सी सामग्री र रु ४१ लाख ८५ हजार नगद राहत वितरण गरिएको छ। हिमाली जिल्ला मनाङ सुरुमै प्रभावित भएपछि आफू स्वयं राहत सामग्रीसहित सदरमुकाम चामे पुगेको उहाँले स्मरण गराउनुभयो।



विपद् व्यवस्थापनमा तीन तहकै सरकार खटेर राहत तथा उद्धारमा लागेको उल्लेख गर्दै उहाँले विपद्बाट निधन हुनेको परिवारलाई सङ्घका तर्फबाट रु दुई लाख, प्रदेश सरकारबाट रु ५० हजार राहत उपलब्ध गराइएको र बेपत्ताका परिवारलाई समेत तत्काल राहत, खाद्यान्नका लागि प्रतिपरिवार रु १५ हजार, अस्थायी आवासका लागि रु २५ हजार, उपचार खर्च रु ५० हजार प्रदेश सरकारले उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो । बाढी पहिरोले घर पूर्ण क्षति भएकालाई प्रदेश सरकारले प्रतिपरिवार रु एक लाख उपलब्ध गराउने व्यवस्था पहिलेदेखि रहे पनि कार्यान्वयनमा नआएको बताउँदै उहाँले वर्तमान सरकारले क्षतिको विवरण सङ्कलन गरी जिल्ला प्रशासन कार्यालयमार्फत यो रकम उपलब्ध गराउने कार्य अगाडि बढाइसकेको जानकारी दिनुभयो।

दुर्गम र हिमाली जिल्ला मनाङमा पूर्ण क्षति भएका घरका लागि रु एक लाख थप गरी रु दुई/दुई लाख उपलब्ध गराउने निर्णय भइसकेको उहाँको भनाइ छ। लघु जलविद्युत् आयोजनामा पुगेको क्षतिबाट मनाङ सदरमुकाम चामेसहित कयौँ बस्ती लामो समय बिजुलीविहीन भएपछि तत्काल सोलारको प्रबन्ध गरिनुका साथै मनाङ र गोरखाको चुमनुब्रीमा खाद्यान्नको अभाव हुन नदिन यथाशक्य प्रयास गरिएको उहाँको भनाइ छ।

अविरल वर्षाबाट हुने क्षति रोक्न बर्खाअगावै र बर्खाको सुरुमा सबै जिल्लामा ग्याबियन जालीका लागि रु २० लाखका दरले रकम निकासा गरिनुका साथै ८५ वटै पालिकालाई रु पाँच लाखका दरले प्रदान गरिएको र आवश्यकताअनुसार विपद् व्यवस्थापन कोषमा रकम पनि थप गर्दै गइएको मुख्यमन्त्री पोखरेलको भनाइ छ। संवैधानिक र कानूनी व्यवस्थाको परिपालना गर्दै सरकार बनेको पर्सिपल्ट नीति तथा कार्यक्रम र त्यसको भोलिपल्ट बजेट प्रस्तुत गरिएको स्मरण गर्दै उहाँले यसका लागि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबाट सदासयतापूर्ण सहयोग भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशका व्यवसायीको उत्थानको लागि एक अर्ब कर्जा प्रवाह

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौ**

गण्डकी प्रदेशका केही उद्योगी व्यवसायीहरुको उत्थानको लागि करिव एक अर्ब कर्जा प्रवाह भएको छ । प्रदशेको व्यवसायीक जीवन रक्षा कोष (निर्ब्याजी कर्जा प्रवाह) कार्यक्रमबाट प्रदेशका केही व्यवसायीहरुको उत्थानको लागि उक्त रकम बराबरको कर्जा प्रवाह भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक ईश्वरी भट्टराईले बताए।

गण्डकी प्रदेश सरकारले कोरोनाबाट प्रभावित भएका उद्योगी व्यवसायीहरुको उत्थानको लागि ल्याएको व्यवसायीक जीवन रक्षा कोष (निर्व्याजी कर्जा प्रवाह) कार्यक्रमबाट प्रदेशका ८ सय ६७ जना लाभान्वित भएको उनले जनाए । प्रदेश सरकारले गत बर्ष देखि सुरु गरेको उक्त कार्यक्रम अर्न्तगत यही भदौं २३ गतेसम्मको तथ्याङ्क हेर्दा प्रदेशका ८ सय ३७ जना व्यवसायीहरुलाई निर्ब्याजी कर्जा प्रवाह गरेको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ।



६ हजार ७ सय ८० आवेदन मध्य ८ सय ९१ जना व्यवसायीहरुको आवेदन अस्विकृत भई अब ८ सय ३७ जनालाई निर्ब्याजी कर्जा प्रवाह गर्ने प्रकृयामा रहेको निर्देशक भट्टराईले बताए । उनका अनुसार २०७८ चैत मसान्तरसम्मका लागि ४ अर्ब ५१ करोड कर्जा प्रवाह गर्न सकिन्छ। हालसम्म करिब एक अर्ब रुपैया निर्ब्याजी कर्जा प्रवाह भएको बताएका भट्टराईले ७ अर्ब ६७ करोड रुपैया बराबरको निर्ब्याजी कर्जा प्रवाह गर्न माग भई आएको जनाए। भदौं २३ गतेसम्म ९३ करोड ४० लाख रुपैया निर्ब्याजी कर्जा प्रवाह भएको उनले जनाए।

उक्त कोषले साना तथा मझौला केही व्यवसायीलाई थप राहत भएको प्रदेश सरकारले जनाएको छ । उक्त कोषबाट ५० हजारदेखि १५ लाखसम्म निर्ब्याजी कर्जा प्रवाह भएको छ । पर्यटन, कृषि, उद्यम, यातायात,उत्पादन, सेवा लगायतको क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्न उक्त कोष सञ्चालनमा ल्याएको हो । गण्डकी प्रदेशका स्थानीय तहहरूमा सरकारी कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका 'क' वर्गका १८ वटा बैंकहरूका प्रदेशका ११ जिल्लामा रहेका ४ सय वटा शाखाबाट सेवा प्रवाह संचालन भएको छ। उक्त कर्जा प्राप्त गर्ने व्यवसायीहरुले ३ बर्षको लागि प्रयोग गर्न पाउने छन्।

यसैबिच, नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले २०७७ जेठ २६ गते असार १० गतेसम्म कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धि सर्वेक्षणले बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा संचालनमा रहेको उल्लेख छ । कोभिडको प्रभावले उद्योग/व्यवसाय ३५ प्रतिशत आंशिक संचालन भएको, ६१ प्रतिशत उद्योग/व्यवसाय पूर्णरुपमा बन्द रहेको राष्ट्र बैंकले हालै सार्वजनिक गरेको कोभिडले अर्थतन्त्रमा पारेको सर्वेक्षणमा उल्लेख गरेको छ।

बन्दाबन्दीको अवधिमा ५०.९ प्रतिशतले कर्मचारीलाई बेतलबी विदा दिएको, २५.१ प्रतिशतले आंशिक तलव तथा सुविधा दिएको, बन्दाबन्दी पछि पनि ३४.३ प्रतिशतले भने बेतलवी बिदा दिएको, बन्दाबन्दीमा १३.६ प्रतिशत र बन्दाबन्दी पश्चात १४.७ प्रतिशत व्यवसायीहरुले कर्मचारीलाई रोजगारबाट हटाएको उल्लेख गरिएको छ। उक्त सर्वेक्षणले व्यवसायलाई सामान्य अबस्थामा फर्काउनको लागि सबै नागरिकलाई कोभिड १९ बिरुद्धको खोप उपलब्ध गराउनु पर्ने, विदेशीलाई नेपाल सुरक्षित छ भन्ने व्यापक प्रचार प्रसार गर्नुपर्ने, सरकार र सम्बन्धित पक्षबाट राहत प्याकेज ल्याउनु पर्ने, सहुलियत दरमा कर्जा पाउनु पर्ने कर्जा, सावा र व्याज तिर्ने अवधि लम्बाउनु पर्ने, आन्तरिक पर्यटन प्रबर्द्धनमा छुट्टै प्याकेज ल्याउनु पर्ने, पर्यटन पूर्वाधार निर्माण गर्नुपर्ने, पर्यटन व्यवसायीलाई कर छुट हुनुपर्ने, अन्य रोजगार बृद्धि हुने कार्यक्रम समेत ल्याउनु पर्ने लगायतका केही सुधार गर्नुपर्ने उल्लेख गरिएको छ।

## नेपालद्वारा ओमनलाई १९७ रनको चुनौती

**रासस**
**काठमाडौं, २९ भदौ**

आइसिसी विश्वकप क्रिकेट लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजअन्तर्गत आज भएको दोस्रो खेलमा नेपालले घरेलु टोली ओमानलाई जितको लागि १९७ रनको लक्ष्य दिएको छ।

युवा ब्याट्सम्यान आसिफ शेखको अर्धशतकमा नेपालले ओमनलाई जितको लागि १९७ रनको सामान्य लक्ष्य दिएको हो। ओमनको अल अमरेत क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेको नेपाल ४७.४ ओभरमा १९६ रनमा समेटियो । नेपालका लागि आसिफले ११२ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ९० रनको योगदान दिए। आसिफबाहेक अन्य खेलाडीले खासै राम्रो खेल प्रदर्शन गर्न सकेनन्। नेपालले खाता नखोल्दै ओपनर कुशल भुर्तेल शून्यमा बाहिरिए।

कप्तान ज्ञानेन्द्र मल्लले २१ रन बनाएको इनिङ्समा रोहित पौडेलले २०, सोमपाल कामीले सात तथा विनोद भण्डारीले छ रन बनाए। यस्तै कुशल मल्लले चार, बिक्रम सोबले दुई, करण केसीले २१ रन बनाए भने सुसन भारी दुई रनमा अविजित रहे । नेपालले सात रन अतिरिक्त प्राप्त गरेको थियो। ओमानका तीव्र गतिका बलर बिलाल खानले १० ओभरमा एक मेडनसहित ४७ रन खर्चेर सर्वाधिक चार विकेट लिए। नेस्टर धम्बाले दुई र मोहम्मद नदीम र कप्तान जिशान मकसुदले एक/एक विकेट लिए।

## टिकटक बनाउने क्रममा सेती नदीमा खसेर युवती बेपत्ता


**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ भदौ**

टिकटक बनाउने क्रममा सेती नदीमा खसेर मंगलबार तनहुँमा एक किशोरी बेपत्ता भएकी छन् । शुक्लागण्डकी नगरपालिका-८ लालिमकी १९ वर्षीया पवित्रा लम्साल बेपत्ता भएको इलाका प्रहरी कार्यालय बेल चौताराले जनाएको छ।

शुक्लागण्डकी नगरपालिका-८ पुलचोकस्थित सेतीनदी किनारमा रहेको रक गार्डेनमा टिकटक बनाउने क्रममा उनी खसेर बेपत्ता भएकी हुन्।

आफ्ना दुई साथीसँग घुम्नका लागि पुलचोक गएकी लम्सालको नदीमा खसेर बेपत्ता भएपछि अहिले स्थानीयवासी र नेपाल प्रहरीको सहयोगमा खोजी भइरहेको इलाका प्रहरी कार्यालय बेल चौतराका प्रहरी निरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिनुभयो। घुम्ने क्रममा साथीहरुसँग टिकटक बनाउन नदी छेउमा रहेको ढुङ्गामा उभिएकी लम्साल अचानक चिप्लिएर नदीमा खसेको उनीसँगै गएका साथीहरुले बताएको उहाँले बताउनुभयो।

लम्साल अचानक चिप्लिएर नदीमा खसेपछि उनका साथीहरुले प्रहरीलाई खबर गरेपछि तत्कालै खोजी कार्यमा खटिएको उहाँले जानकारी दिनुभयो।




## केही दिनमा मन्त्रिपरिषद्ले पूर्णता पाउँछ : मन्त्री भुसाल

**पोखरापत्र संवाददाता**
**दमौली, २९ भदौ**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले केही दिनभित्रमा नै मन्त्रिपरिषद्ले पूर्णता पाउने बताउनुभएको छ।

नेकपा माओवादी केन्द्र शुक्लागण्डकी नगर कमिटीले आज बेलचौतारामा आयोजना गरेको कार्यकर्ता भेलामा उहाँले लामो समयदेखि रोकिएको मन्त्रिपरिषद् विस्तारले अब पूर्णता पाउने बताउनुभएको हो। मन्त्री भुसालले भन्नुभयो, "दुई महिनादेखि मन्त्रिपरिषद् अपूर्ण छ, यही भदौ ३० गते संसद्देखि बजेट पास भएपछि मन्त्रिपरिषद् विस्तार हुन्छ ।" उहाँले वर्तमान सरकारले जनताका पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै सङ्गठन विस्तारमा केन्द्रित हुन कार्यकर्तालाई आग्रह गर्नुभयो।



मन्त्री भुसालले आगामी निर्वाचनमा माओवादी केन्द्रलाई पहिलो पार्टी बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले वर्तमान निर्वाचन प्रणालीका कारण एउटै पार्टीको बहुमत नआउने स्थिति देखिएकाले चुनावमा अरु पार्टीसँग पनि गठबन्धन गरिने उल्लेख गर्नुभयो । "अरु पार्टीको भर पर्नुभन्दा पनि आफैँ सुदृढ भएर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "माओवादीलाई ठूलो पार्टी बनाउन अहिलेदेखि नै लाग्नुपर्छ।" उहाँले सरकारका राम्रा कामको प्रचार जनतामाझ पुऱ्याउन आग्रह गर्नुभयो।

मन्त्री भुसालले संसद अवरुद्ध गर्ने कार्य नाजायज भएको बताउँदै नेकपा एमाले त्यसतर्फ गम्भीर हुनुपर्ने बताउनुभयो । सभामुखले कानूनको प्रयोग गरेको उल्लेख गर्दै उहाँले अन्यको रिस सभामुखमाथि थोपर्न नहुने बताउनुभयो । "पार्टी फुटेको रिस नेकपा एमालेले अहिले सभामुखमाथि प्रयोग गरेको छ, यो राम्रो होइन", उहाँले भन्नुभयो । अठार प्रतिशत गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीको रेखा भन्दामाथि ल्याउने गरी काम गर्नुपर्ने सरकारको चुनौती रहेको बताउँदै मन्त्री भुसालले भन्नुभयो, "समाजवादको जग खडा गर्ने अभियानमा लाग्नुपर्छ, त्यो कार्यभारलाई अगाडि बढाउनुपर्ने अहिलेको मुख्य आवश्यकता हो।"

कार्यक्रममा राष्ट्रियसभा सदस्य दीनानाथ शर्मा, गण्डकी प्रदेशसभा सदस्य आशा कोइरालालगायत सहभागी हुनुहुन्थ्यो।

# गण्डकीको सबै जिल्लामा भू तथा जलाधार कार्यालय राख्न निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौ**

गण्डकी प्रदेशका सबै जिल्लामा भू तथा जलाधार कार्यालय राख्न अर्थ तथा विकास समितिले निर्देशन दिएको छ।

समितिद्वारा वन वातावरण तथा भू-संरक्षणमन्त्री दीपक थापासँग अन्तर्क्रिया गर्दै उक्त निर्देशन दिएको हो । समितिका सभापति दीपक कोइरालाले सङ्घीयताको मर्मविपरीत ११ जिल्लामध्ये जम्मा दुई जिल्लामा मात्रै जलाधार कार्यालय रहेकाले जनतालाई सास्ती भएको बताउनुभयो । यस आर्थिक वर्षभित्रमा बाँकी नौ जिल्लामा पनि उक्त कार्यालय स्थापना गर्न मन्त्रालयलाई उहाँले मन्त्रालयलाई निर्देशन दिनुभयो । अहिले तनहुँ र पर्वतमा मात्रै ती कार्यालय छ । वन वातावरण तथा भू-संरक्षणमन्त्री थापाले सबै जिल्लामा भू तथा जलाधार कार्यालय स्थापना गर्न आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । जनताले घरदैलोबाट पाउनुपर्ने सुविधा झनै टाढाबाट लिनुपर्ने बाध्यतालाई छिट्टै अन्त्य गर्ने उहाँको भनाइ छ।

मन्त्रालयका निमित्त सचिव रामकाजी श्रेष्ठले कार्यालय पनि कम र बजेट पनि न्यून हुँदा जनताको आकाङ्क्षाअनुसार काम गर्न नसकिएको बताउनुभयो । तनहुँ र पर्वतका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत कृष्णप्रसाद घिमिरे र दिवाकरण पौडेलले आ-आफ्नो कार्यालयको कार्यक्षेत्रभित्रका जिल्लाको अवस्थाबारे जानकारी गराउनुभयो । छलफलमा प्रदेशसभा सदस्य जनकलाल श्रेष्ठ, डोबाटे विश्वकर्मा, भागवतप्रकाश मल्ल र सरिता गुरुङले कार्यलयहरूबीच समन्वय गरेर एकद्वार प्रणालीबाट जनतालाई सेवा दिने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

सबैको ध्यान बाटो निर्माणमा केन्द्रित हुँदा भूसंरक्षण तथा जलाधार ओझेलमा परेको र वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको र जलाधार संरक्षणका लागि स्थानीयरूपमा उपलब्ध स्रोत साधनको पनि प्रयोग गर्नुपर्नेमा उहाँहरूको भनाइ छ।


## माछापुच्छ्रे वचत तथा ऋण सहकारी संस्था लि. को

## २३ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना !

संस्थाको सञ्चालक समितिको मिति २०७८/०५/११ मा भएको बैठकको निर्णय अनुसार संस्थाको २३औं बार्षिक साधारण सभा सहकारी विभागको मिति २०७८/०५/०१ गतेको च.नं. ९५|२०७८|०७९ मा जारी मार्गदर्शन एवं निर्देशनको बुँदा नं. १७ मार्फत साधारण सभाको कार्यक्रम सम्बन्धमा मिति २०७७/०६/०१ मा जारी गरिएको सूचना बमोजिम संस्थाको २३औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने हुदाँ यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति, समय र स्थान:**
मिति : २०७८ आश्विन १३ गते बुधबारदेखि १८ गते सोमबारसम्म ।
समय : बिहान १०:३० बजेदेखि ५ बजेसम्म ।
स्थान : केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड (दमकलमार्ग)
: शाखा कार्यालय, पोखरा २७, तालचोक

**समापन मिति:**
मिति : २०७८ आश्विन १९ गते मंगलबार ।
समय : बिहान ११ : ३० बजे ।
स्थान : संस्थाको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड (दमकलमार्ग) ।

**छलफलका विषयहरू:**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.ब. २०७७/०७८ को बार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२) कोषाध्यक्ष द्वारा प्रस्तुत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
३) लेखा समितिको बार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४) आर्थिक बर्ष २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
५) आर्थिक बर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति एवं पारिश्रमिक निर्धारण गर्ने ।
६) समितिले विभिन्न समयमा गरिएको निर्णयहरु तथा नीति नियम परिमार्जन/अनुमोदन गर्ने ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सभाको तर्फबाट १० जना प्रतिनिधि चयन गर्ने ।
८) विविध ।

**पुनश्च:**
१. छलफलका विषयहरु तथा बार्षिक प्रतिवेदन-२०७८ उपर भएका जिज्ञासा तथा सुझावहरु आश्विन १८ गते सोमबार ४ बजेभित्र उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं ।
२. साधारण सभामा स्वयम् उपस्थिति हुने सदस्य महानुभावहरुलाई पारवहनको व्यवस्था गरिएको छ।
३. कर्जाको सावाँ ब्याज नियमित नभएका र भाखा नाघेका तथा तीन महिना भन्दा माथि नियमित बचत गर्न छुटेका सदस्यहरुले यही मिति २०७८ आश्विन १२ गते मंगलबार भित्र बुझाउनु हुन अनुरोध गरिन्छ।
४. साधारण सभामा सहभागी हुन अनिवार्य मास्कको प्रयोग तथा भौतिक दुरी कायम गर्नुपर्नेछ।

सञ्चालक समितिको आज्ञाले
सचिव


# गण्डकीमा २०१ जना संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा २०१ जना कोरोना संक्रमण मुक्त भएका छन् । यस अवधिमा प्रदेशमा १४१ जना संक्रमित थपिएका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणका कारण एक जनाको भरतपुर मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार मृत्यु हुनेमा प्रदेशको नवलपरासी पूर्वजिल्लाको गैंडाकोट नगरपालिका वडा नं १७ की ६२ वर्षीय महिला हुनुहुन्छ । निजमा भदौ २१ गते कोरोना संक्रमण पुष्टि भएको थियो । प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार ३३३ पुगेको छ । प्रदेशमा सक्रिय संक्रमितको संख्या एक हजार ६८१ छ भने होम आइसोलेशनमा एक हजार ४४२ जना रहेको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

# एकीकृत-समाजवादीको केन्द्रीय कमिटीको बैठक असोजमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत-समाजवादी) को केन्द्रीय कमिटीको बैठक आगामी असोज ५ गते काठमाडौंमा बस्ने भएको छ।

पार्टीलाई प्रभावशाली ढङ्गबाट देशभर सञ्चालन गर्न सङ्गठन विस्तार, समसामयिक राजनीतिक अवस्थामा पार्टीले निर्वाह गर्नुपर्ने भूमिका तथा राजनीतिक गतिविधि सञ्चालन गर्न आवश्यक रणनीति तयार पार्न बैठक बस्न लागेको हो । बैठक आज बस्नका लागि तयारी गरिएको भए पनि केही गृहकार्य अपुग भएकाले केही दिनपछि सारिएको पार्टीले जनाएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट वैचारिक असहमति प्रकट गर्दै वरिष्ठ नेताद्वय माधवकुमार नेपाल र झलनाथ खनालसहितका केही नेता अलग भएर हालै गठन भएको उक्त पार्टीको केन्द्रीय कमिटीको बैठक पहिलो पटक बस्न लागेको छ । पार्टीका अध्यक्ष माधवकुमार नेपालको संयोजकत्वमा हालै स्थायी कमिटिका साथै सचिवालय, प्रदेश इञ्चार्ज तथा केही विभाग गठन गरिएको छ।



आँखाका विरामी : पोखरा महानगरपालिका वडा नं १७ घारीपाटनमा अवस्थित हिमालय आँखा अस्पतालमा पालो पर्खदै आँखाका विरामी। पोखरासहित आसपासका जिल्लाबाट दैनिक ठूलो संख्यामा आँखा उपचारका लागि सर्वसाधारणहरु अस्पतालमा आउने गर्दछन्। तस्वीर : राधिका कँडेल

# बाढी पिडितलाई...

भन्दै धन्यवाद व्यक्त गर्नुभयो । गत आर्थिक वर्षभन्दा बजेटको आकार घट्नु, अघिल्लो सरकारले प्रस्ताव गरेभन्दा आठ अर्ब कमको बजेट ल्याउनुपर्ने बाध्यकारी अवस्थाका कारण कतिपय कार्यक्रम छुटेको उहाँको भनाइ छ।

सरकार अविछिन्न उत्तराधिकारी संस्था भएको बताउँदै उहाँले अघिल्लो सरकारले थालेका कार्यक्रमलाई निरन्तरता दिनु वर्तमान सरकारको दायित्व भएको र पूर्ववर्ती सरकारद्वारा सञ्चालित एक निर्वाचन क्षेत्र एक सडक, एक घर एक धारा, उज्यालो प्रदेश आदि कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिइएको जानकारी गराउनुभयो।

सिँचाइ, पशुको पूर्ण खोप, जग्गा चक्लाबन्दी, हरितपार्क, पदमार्ग निर्माण, होमस्टे, पोखरा प्राणी उद्यान जस्ता कार्यक्रम पनि प्राथमिकतामै रहेको मुख्यमन्त्री पोखरेलको भनाइ छ । सरकारले स्वास्थ्य तथा जनस र्‍या र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको बजेटमा उल्लेख्य वृद्धि गर्नुका साथै प्रदेश मातहतको सङ्क्रामक तथा सरुवा रोग अस्पताल, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र गण्डकी विश्वविद्यालयको भवन निर्माणको काम सुरु भइसकेको र प्रदेश सभा भवन निर्माणका लागि यसै आर्थिक वर्षमा प्रशासनिक प्रक्रिया पूरा मुख्यमन्त्री पोखरेलले जानकारी गराउनुभयो।

बजेटको सीमितताका कारण सालबसाली कार्यक्रमअन्तर्गतका महत्वपूर्ण योजनालाई निरन्तरता दिन नसकिएको स्मरण गराउँदै उहाँले सङ्घ सरकारबाट थप स्रोत प्राप्त भएसँगै आयोजना व्यवस्थापन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । बोलपत्र भइसकेका योजना, क्रमागतमा रहेका आधार भूत र एक घर एक धाराका छुटेका कार्यक्रम कार्यान्वयनमा जाने, ठेक्कामा लागिसकेका, निर्माणाधीन अवस्थाका तर वार्षिक विकास कार्यक्रममा समावेश नभएका झोलुङ्गे पुललाई बजेट व्यवस्थापन गरिने उहाँले जानकारी दिनुभयो । डीपीआर भएका झोलुङ्गे पुल, सडक, पुल, खानेपानी, सिँचाइ, भवनलगायतका योजना प्राथमिकीकरण गरी उपलब्ध बजेटका आधारमा कार्यान्वयनमा लैजाने र अबन्डा रहेका कार्यक्रमलाई सहमतीय कार्यविधिका आधारमा कार्यक्रम छनोट गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । बैठकमा प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यस्तै शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा प्रस्तुत गर्नुभयो । बैठकमा गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलमा सदस्यले भाग लिनुभयो भने शून्य समयमा अधिकांशले प्रदेशका विभिन्न स्थानमा बाढी पहिरोले पारेको प्रभावलगायतमा आ आफ्ना धारणा राख्नुभयो।

# एक हजार ५६२ संक्रमित थपिए, १९ जनाको निधन

**रासस**
**काठमाडौं, २९ भदौ**

मंगलबार एकै दिनमा एक हजार ५६२ मा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार विगत २४ घण्टामा १४ हजार ४४३ मा परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो । नेपालमा सङ्क्रमणको दर १९ दशमलव तीन प्रतिशत पुगेको छ।

हाल सक्रिय सङ्क्रमित २६ हजार २०२ रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १२ र २०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला २० रहेका छन् । यस्तै आज एक हजार ५८९ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । अहिलेसम्म सात लाख ४२ हजार ३०३ सङ्क्रमति सङ्क्रमणमुक्त भएका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९५.२ प्रतिशत रहेको छ।

यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा १९ जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ९८४ जनाको सङ्क्रमणबाट ज्यान गएको छ । नेपालमा प्रतिदश लाखमा ३७० दशमलव दुई जनाको कोरोना सङ्क्रमणबाट निधन हुने गरेको छ।

हाल ४५३ सघन उपचार कक्ष (आइसियु), १३७ जना भेन्टिलेटर, २४ हजार ६९० होम आइसोलेसन, एक हजार ५१२ जना संस्थागत आइसोलेसन र २२३ जना क्वारेन्टिनमा रहेका छन् । मंगलबार ८८ हजार १८४ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ५८ लाख ७७ हजार ७९ जनाले पहिलो मात्र र ५२ लाख ४३ हजार २३६ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन्।


## खोप लगाऊ सुरक्षित रहौं

**खोप लगाएपछि पनि,**
-मास्कको नियमित प्रयोग गरौं ।
-अत्यावश्यक परेमात्र बाहिर निस्कौं ।
-भीडभाडबाट बचौं ।
-कसैलाई भेट्नैपर्दा दुई मिटरको दुरी कायम गरौं,
-साबुनपानीले हात धोऔं,
-साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ,
-शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# प्रभावहीन बन्दै संसद

संसदमा हुने छलफल र बहसले राष्ट्रको ध्यानाकर्षित गर्छ । संसद् लाई कसरी प्रभावकारी बनाउने भन्ने सभामुखको भुमिका रहन्छ । सभामुखले कसरी डोऱ्याउन खोज्छन् त्यसकै सेरोफेरोमा सदन चल्न । सभामुखको कुर्सीमा बस्दैमा सदन सुचारु र प्रभावकारी हुन सक्दैन भन्ने उदाहरण अग्नी प्रसाद सापकोटा बनेका छन । सदन चलाउन प्रतिपक्षको साथ र सत्तापक्षको विश्वास जित्नुपर्छ।कुनै दल सत्तामा हुँदा अप्ठ्यारोमा पार्ने, कुनै दल सत्तामा पुग्दा बढी बफादार देखिँदा अहिले सरकारलाई अलोकप्रिय बनाइदिएको छ । सबैले आदर गर्ने र निस्पक्ष भुमिका खेल्नुपर्ने पदमा पुगेको ब्यक्ति विवादित हुनु अशुभ हो । प्रमुख प्रतिपक्षीको विरोधका बाबजुद सदन चलाउँदा छलफलमा सत्तारुढ दलकै सांसद समेत निष्क्रिय देखिनु राम्रो होइन ।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले संसदमा अवरोध गरिरहेकाले बैठकमा आएका प्रस्तावमाथिको छलफलमा भाग नलिनु स्वाभाविक भए पनि सत्ता पक्षकै सांसद निष्क्रिय रहँदा संसद प्रभावहीन बन्न पुगेको छ । सभामुखले सत्ताधारी दलका सांसदहरूलाई पनि छलफलमा भाग लिनु निरर्थक लागेको छ । मंगलबारको प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री जनार्दन शर्माले 'विनियोजन विधेयक २०७८' लाई विचार गरियोस् भन्ने प्रस्ताव पेस गरे । उक्त प्रस्तावमाथि सैद्धान्तिक छलफलका लागि भाग लिन सभामुखले नाम टिपाउन तीन मिनेटको समय दिए । अर्थमन्त्रीले राखेको प्रस्तावमाथि सत्ताधारी दलका सांसदले भाग लिएननाविपक्षी नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालमात्रै भाग लिए ।

सुवालले पनि विषय केन्द्रित धारणा भने राखेनन् । उनले अमेरिकी सहायता परियोजना (एमसीसी) विरुद्ध आफ्ना धारणा राखे । बोल्ने मौका पाउने बित्तिकै सुवालले एमसीसीविरुद्ध आफ्ना धारणा राखिहाल्ने गरेका छन् । उनीबाहेक सत्तारुढ दलका कुनै पनि सांसदले सैद्धान्तिक छलफलको समय उपयोग गरेनन् । यो सभामुखको सदनलाई प्रभावहीन बनाउने काम हो । विषय केन्द्रित धारणा कसैको नआएकाले जवाफ दिन आएका अर्थमन्त्रीले पनि सुवाललाई धन्यावाद टक्र्याएमात्रै । बोल्ने कोही पनि नभएपछि सभामुख अग्निप्रसाद सापकोटाले विनियोजन विधेयक २०७८ लाई विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृतिका लागि अघि बढाए ।

विपक्षीले आफ्नो नाराबाजी कायमै राखे, सत्ता पक्षले समर्थनमा हात उठाएपछि अर्थमन्त्रीको प्रस्ताव बहुमतले स्वीकृत भयो । त्यसपछि सभामुखले शोक प्रस्ताव अघि सारे । २०४८ सालमा राष्ट्रियसभामा मनोनीत सदस्य रुक्मशमशेर जबरा र २०६४ सालमा नेपाली कांग्रेसको तर्फबाट समानुपातिक सदस्य भएका मानबहादुर महतोको निधनप्रति पेस गरेको शोकप्रस्ताव सर्वसम्मतले पारित भयो । त्यसपछि सभामुखले बैठक असोज ४ गते सोमबार बिहान ११ बजे बस्ने गरी स्थगित गरे । सदन स्थगनले गर्दा सरकारले खर्च गर्न नपाउने अवस्था आएको छ ।

करिब १३ मिनेट चलेको बैठक अवधिभर पनि प्रमुख प्रतिपक्षी एमालेले विरोधमा नारावाजी गरिहेको थियो । तर, सभामुख अग्निप्रसाद सापकोटाले त्यसको कुनै वास्तै नगरी बैठक चलाइरहे । सदन सुचारु हुँदा एकजना सदस्य पनि उठेर विरोध जनाए सभामुखले विरोधका कारणबारे बोल्ने मौका दिने वा सदन शुचारु हुन आग्रह गर्ने संसदीय प्रचलन हो ।, बैठकमा एमाले विरोधको सभामुखले बेवास्ता गरेर एमालेलाई चिढ्याउने काम गरेका छन । सदनमा जारी अवरोध हटाउन सभामुखले आयोजना गरेको सर्वदलीय बैठक एमालले बहिष्कार गरेको थियो । सभामुखले दुई पक्षीय, बहुपक्षीय छलफल गरेर मात्र सर्वदलीय बैठक राखेको भए निकास आउन सक्थ्यो । एमालेसँग रुष्ट भएर सभा संचालन गर्दा आउने परिणाम नकारात्मक हुन्छ ।जुन पदका लागि सुहाउँदैन ।

एमाले र सभामुखबीचको इगोले सदन प्रभावकारीरूपमा संचालन हुन सकिरहेको छैन । एमालेले अमुक दलका सांसद गैरसांसद भन्दै नारावाजी गेरर बैठक अवरुद्ध पारिरहेको छ भने सभामुखले पनि संवादलाई खासै महत्व दिएका छैनन् । सभा संचालनमा समस्या आए कार्यव्यस्था परामर्श समितिको बैठक राखेर त्यहाँ छलफल गर्ने प्रचलन छ, जसलाई सभामुखले पछ्याएका छैनन् । सदनको सबैभन्दा ठूलो दल एमालेको पनि सत्ताधारीलाई सिकाउने दायित्व छ । त्यसै अनुसार जिम्मेवार रुपमा प्रस्तुत हुँदै आफूले अगाडि सारिरहेका मागलाई सहजरूपमा समाधान गर्न लाग्नुपर्छ । दुवैतर्फबाट अन्य विधिबाट संवाद अघि बढाउन अग्रसर हुनुपर्नेछ । दुखलाग्दो दुवैतर्फबाट त्यसो भएको देखिएको छैन । दुवैले ईगो हटाउन सकेमा संवादको बाटो खुल्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# वैदेशिक असफलताले बनायो 'सफल' कृषक

– खेमराज गौतम

बागलुङ, २९ भदौ (रासस)

मानिसको जीवनमा अनेकन घुम्ती आउँछ । कतिपय घुम्ती, बाध्यता, अप्ठ्यारा, कठिनाइ, सङ्कटले जीवनमा नयाँ आयाम ल्याउँदछ । बीस/बाइस वर्षको ठिटो हुँदा विदेश जाने मोहले निकै सताइरहेको थियो । बागलुङ नगरपालिका-१ रामरेखाका दुर्गा तिलिजा मगरको विदेश जाने भोकले धेरै ठाउँमा भौतारिने बनायो। वैदेशिक रोजगारीको दौडमै लगातार आठ वर्ष काठमाडौँ धाउँदाधाउँदै बित्यो । उमेरले ३० पुगै थाल्यो । न विदेश सफल भयो, न नेपालमा कुनै रोजगारीको टुङ्गो लाग्यो । युरोप, अमेरिका जाने त कुनै सोच थिएन उहाँको । तर साउदी र कतारजस्ता खाडी मुलुकका लागि अन्तर्वार्ता दिँदै उहाँको आठ वर्ष बितेको पत्तै भएन । काठमाडौँ धाउँदाधाउँदै उहाँको हजारौँ रकमसमेत खर्च भइसकेको थियो । अन्ततः तिलिजाले ३० वर्षको उमेरमा आएर विदेश नजाने निर्णय लिनुभयो । सायद विदेशका लागि पाएको हण्डर र ठक्करले पाठ सिकायो । उहाँका निर्णयमा परिवारको पनि साथ, समर्थन रह्यो । वैदेशिक रोजगारीमा जाने सपना विफल भएपछि नयाँ कामका लागि सोच र प्रेरणा मिल्दै थियो । अहिले तिलिजाको दैनिकी फेरिएको छ । सर्र स्कुटरमा कहिले बागलुङ बजार त कहिले कुश्मा बजारमा तरकारी, अण्डा, कुखुरा बेच्दै आउनुभएको छ ।

उहाँ उमेरले अहिले ३७ वर्षको हुनुभयो । तीस वर्षका उमेरमा थालेको कृषि तथा पशुपालन व्यवसाय फस्टाउँदै गयो । अहिले उहाँ सफल किसानका रुपमा परिचित भइसक्नुभएको छ । बागलुङ -१० भकुण्डेस्थित कालीगण्डकी किनारामा रहेको दब्ल्याङ बगरमा तीन रोपनी जग्गा भाडामा लिएर कृषि कर्म गरिरहनुभएको छ ।

सुरुका पाँच वर्ष तरकारी खेतीसँगै ब्रोइलर कुखुरा पाल्दै आउनुभएकामा पछिल्लो समय ब्रोइलर छाडेर अण्डा दिने लेयर्स जातको कुखुरा पाल्दै आउनुभएको छ भने पछिल्लो समय फस्टाउँदै गएको बङ्गाई चरा, बङ्गुर र टर्कीसमेत पाल्दै आएको तिलिजा मगरले बताउनुभयो । "वैदेशिक रोजगारीमा जान धेरै समय खेर फालिएको रहेछ, सुरुबाटै कृषिमा लागेको भए कहाँ पुगिन्थ्यो होला ? जे होस्, अहिले राम्रै कमाइ भइरहेको छ, आफ्नै परिवारको साथमा बसेर कृषि तथा पशुपालनमा रमाइरहेको छु", उहाँले भन्नुभयो, "अहिले किन विदेश जान खोजे हुँलाजस्तो लाग्छ, मैले सुरुमा ब्रोइलर कुखुरा पालेर व्यवसाय सुरु गरेको भए पनि अहिले बहुआयामिक बनाउँदै लगेको छु, बेमौसमी गोलभैँडा मेरो फार्मको मुख्य आम्दानीको स्रोत हो भने अण्डा, टर्की, बङ्गाईपालनसमेत गर्दै आएको छु, अहिले आएर बङ्गुरपालनसमेत सुरु गरेको छु ।"

उहाँको कृषि तथा पशुपालनमा श्रीमती लक्ष्मी तिलिजाले समेत सघाउँदै आउनुभएको छ । उहाँको फार्ममा अहिले १०० अण्डा दिने लोकल कुखुरा, २५० बङ्गाई चरा, ३ टर्की चरा र १४ बङ्गुर रहेका छन् भने दुई रोपनी क्षेत्रफलमा तरकारी खेती दुईवटा आधुनिक टनेल रहेको लक्ष्मी बताउनुहुन्छ । "तीन रोपनी जग्गाको भाडा वार्षिक रु ३५ हजार तिर्दै आएका छौँ, फार्म आफैँले विस्तार गरेका हौँ, कुनै महिना राम्रो आम्दानी हुन्छ, कहिले हुँदैन", लक्ष्मीले भन्नुभयो, "आफ्नो खायो, आफ्नै काम गऱ्यो, आनन्दको जीवन बिताउन पाइयो, अहिले गोलभैँडा गेरर दुई आधुनिक प्लाष्टिक टनेल खाली गर्ने अवस्थामा पुगेका छौँ, वार्षिक रु आठ/दश लाखको कारोबार गरिएकै हुन्छौँ", तिलिजा दम्पतीले लक्ष्मी कृषि तथा पोल्टी फार्म दर्ता गरेरै व्यावसायिक कृषि तथा पशुपालन सुरु गर्नुभएको छ । उनीहरूले फार्म सञ्चालनमा रोगव्याधिका लागि प्राविधिक सल्लाह नपाएको समेत गुनासो गर्नुभयो । कृषि ज्ञान केन्द्रले रु एक लाख ५० हजार अनुदान दिइसकेको बताउँदै थापा दम्पतीले बेलाबेलामा प्राविधिक ज्ञान नपाउँदा कुखुरा र टर्कीमा रोगको प्रकोप आएको बताउनुहुन्छ । "टर्कीपालनमा अलि समस्या रहेछ, टर्कीलाई फरक खालको रोग लाग्दोरहेछ, यो अलि बुझिएन, ५० टर्की पाल्दै आएकामा अहिले छ वटामा सीमित छ, केही टर्की रोगका कारण मरेका छन्", दुर्गाले भन्नुहुन्छ, "विदेश जाने सपना त देखियो, विदेश देख्न पाइएन तर साथीभाइको सुख दुःख सुनिएकै छ, अहिले नेपालमै केही गर्न थालेपछि धेरै सन्तुष्टि मिलेको छ, अब बागलुङमा बङ्गुरको मासुको अत्यधिक माग भएकाले बङ्गुरफार्म विस्तारमा लागिरहेको छु, अहिलेसम्म करिब रु १५ लाखको लगानी भइसकेको छ ।" मगर दम्पतीले कृषिमा बिचौलियाको अन्त्य गर्नुपर्छ भन्दै आफैँले उपभोक्तासमक्ष पुऱ्याउने गरेको बताउनुभयो । बिचौलियाले सस्तोमा खरिद गरी महङ्गोमा बेच्दा असली किसान र उपभोक्ता दुवै मारमा पर्दै आएकाले स्कुटरमा दैनिक आफूले उत्पादन गरेको अण्डा, मासु, तरकारी आफैँले बागलुङ, कुश्मा तथा म्यागदीको बजारमा पुऱ्याउने गरेको उहाँको भनाइ छ । खोलाकिनारमा दाना ढुवानीमा आफूहरूलाई समस्या भएको भन्दै सडकको सुधार गर्नुपर्ने उहाँको माग छ । दक्षिण जोड्ने पुलमा बाढीले क्षति पुऱ्याउँदा दाना ढुवानी नभएका कारण घाँस खुवाएर कुखुरा बचाएको उहाँको भनाइ छ । "किसानले मेहेनत गरेर उब्जाएको तरकारी र पशुजन्य वस्तु बिचौलियाले धेरै नाफा कमाएको आफूले महसुस गरेको थिएँ", उहाँले भन्नुभयो, "त्यसैले स्कुटर किनेर आफैँ बजार लैजाँदा बढी फाइदा कमाउन सकेको छु, बिचौलियाको अन्त्य गर्न सके आफूजस्ता किसानलाई सहज हुनेछ ।" सरकारले सस्तोमा ऋण सुविधा दिएमा लगानी थप्न निकै सहज हुने उहाँको भनाइ छ ।

भकुण्डेको फेदमा रहेको दब्ल्याङ कृषि कर्मका लागि निकै उर्वरभूमि मानिन्छ । त्यस क्षेत्रमा अन्य स्थानका मानिस आएर व्यावसायिक कृषि तथा पशुपालन गर्दै आएका छन् । नेपालमै कृषि गर्ने सोच बनाएका थापा दम्पती लगानी गर्ने स्थान खोज्दै दब्ल्याङ पुगेको बताउनुहुन्छ । तिलिजा दम्पतीको मेहेनत एउटा उदाहरण मात्रै हो । तर सुरुमै विदेशमोह त्यागेर व्यवसायमा लागेको भए अझै सफलता प्राप्त गर्न सकिन्थ्यो भन्ने उहाँहरूको भनाइ छ । दब्ल्याङमा थापा दम्पती जस्ता १० जना कृषकले व्यावसायिक कृषि तथा पशुपालन गर्दै आएका छन् । दब्ल्याङकै सरिता थापाले बङ्गुर तथा कुखुरापालन गर्दै आउनुभएको छ भने भर्खरै भकुण्डेका बबिन थापाले माछा र बङ्गुरपालन र धम्जाका दुर्गा श्रीष र अनिस श्रीष दाजुभाइले बङ्गुरपालन सुरु गर्नुभएको छ । उक्त स्थान कृषिको हब बन्दै आएको छ । कालीगण्डकी किनारामा रहेको यस क्षेत्रमा रहेको हावापानी सुहाउँदो कुखुरा, माछा तथा बङ्गुरपालन निकै फस्टाउँदै आएको किसान बताउँछन् ।

# बागलुङका सबै गाउँमा फोरजी तयारी

पोखरापत्र संवाददाता

बागलुङ, २९ भदौ

टेलिकमले आउँदो दशैंसम्ममा बागलुङका सबै गाउँमा फोरजी सेवा उपलब्ध गराउने भएको छ । मौजुदा टावरहरूको स्तरोन्नति गरेर गाउँ-गाउँमा उच्चगतिको इन्टरनेट र भ्वाइससहितको सेवा विस्तार थालिएको हो । बजार क्षेत्र र बाक्लो बस्ती भएका ठाउँमा उक्त सेवा विस्तार गरिसकेको टेलिकमले गाउँका कुना-कुनामा फोरजी सेवा पुग्ने गरी बिटिएस टावरको स्तरोन्नति थालेको हो ।

"अहिले दमेक, अर्गल, राङ्खानी, पातिहाल्ने र जलजलाको टावर स्तरोन्नतिको काम भइरहेको छ", प्रमुख शर्माले भन्नुभयो, "दशैंसम्ममा पाँचवटै टावरको काम सकिन्छ, त्यसपछि लगभग जिल्लाभरि नै फोरजी सेवा उपलब्ध हुन्छ ।"

# लमजुङमा पाँच वर्षमा १३१ बालबालिका हराए

पोखरापत्र संवाददाता

लमजुङ, २९ भदौ

आर्थिक वर्ष २०७३/७४ देखि २०७७/७८ सम्म जिल्लामा १३१ बालबालिका हराएका छन् । तीमध्ये ९५ बालिका र ३६ बालक छन् ।

जिल्ला प्रहरी कार्यालयको अनुसार पाँच वर्षका अवधिमा हराएका बालबालिकामध्ये २८ बालक र ६५ बालिका भेटिएको थियो । कार्यालयका प्रहरी निरीक्षक तथा सूचना अधिकारी जगदीश रेग्मीले हराएकामध्ये अझै आठ बालक र ३२ बालिका नभेटिएको बताउनुभयो । गत एक वर्षका अवधिमा २० बालबालिका हराएका थिए । तीमध्ये तीन बालक, १७ बालिका छन् । अझै दुई बालिका भेटिएका छैनन् ।

सचेतनाका लागि प्रहरीले सामुदायिक तथा आमा समूह लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

# अध्यक्षमा राजभण्डारी चयन

पोखरापत्र संवाददाता

बागलुङ, २९ भदौ

नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन बागलुङको अध्यक्षमा मुकेश राजभण्डारी चयन हुनुभएको छ । मंगलबार आयोजना गरिएको दोस्रो अधिवेशनबाट मुकेश राजभण्डारी सर्वसम्मतरूपमा अध्यक्षमा चयन हुनुभएको हो । जिल्ला समितिको उपाध्यक्षमा गगन पुन, कौशिला घर्ती, सुरज विक र प्रकाश शर्मा चयन हुनुभएको छ। समितिको महासचिवमा गोकुल कँडेल, सचिवमा प्रकाश रखाल, सहसचिवमा तुलसीनारायण भारी, कोषाध्यक्षमा मनकाजी विक तथा सह-कोषाध्यक्षमा नरबहादुर केसी रहनुभएको छ ।

यस्तै सदस्यमा कमला पुन, नरकुमार गौतम, गीता खड्का, राजु खड्का, गोविन्द सुवेदी, अजय मलेपती, तिल खत्री, जङ्गबहादुर राना, टेकबहादुर राना र हिदायत हुसेन रहनुभएका छन् । यस्तै महिला उपसमिति समेत गठन गरिएको छ । उपसमितिको संयोजकमा ललिता थापा तथा सदस्यमा नरमाया पुन र सम्भना श्रेष्ठ रहनुभएको छ ।

# मुस्ताङमा 'टुजी' बाट 'थ्रीजी' सेवा

पोखरापत्र संवाददाता

बागलुङ, २९ भदौ

अब मुस्ताङमा अवस्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र दामोदरकुण्डमा सञ्चार सेवा सहज भएको छ । यसका लागि नेपाल टेलिकमले आफ्नो सेवामा स्तरोन्नति गरेको हो ।

उपल्लो मुस्ताङमा रहेका दुईवटा बिटिएस टावरको स्तरोन्नति गरेर टेलिकमले दर्शनार्थीका लागि सहज सञ्चार सेवा उपलब्ध हुने वातावरण बनाएको टेलिकम बागलुङका प्रमुख केशव शर्माले जानकारीदिनुभयो।उहाँकाअनुसार दामोदरकुण्ड गाउँपालिकामा पर्ने घिलिङ लोदा र नाइलियाको 'बिटिएस टावर'को स्तरोन्नति गरिएको छ । 'टुजी' क्षमताका दुवै टावरको क्षमता बढाएर ' थ्रीजी' सेवा सुरु गरिएको उहाँले बताउनुभयो ।

यसैगरी चार हजार ४०० मिटरको उचाइमा रहेको धेयगाउँमा नयाँ बिटिएस टावर जडान गरिएको छ । टुजी क्षमताको टावरले दामोदरकुण्ड जाने पदयात्री तथा दर्शनार्थीका लागि सञ्चार सुविधा सहज हुने प्रमुख शर्माले जानकारी दिनुभयो । "मुस्ताङमा यसै पनि लोड कम छ, त्यहाँ विस्तार भएको थ्रीजी सेवाले मात्रै उपभोक्ताले उच्च गतिमा इन्टरनेट र भ्वाइस पाउँछन्", उहाँले भन्नुभयो, " मुस्ताङका सबै गाउँ कभर हुने गरी नेटवर्क विस्तार भएकाले अब समस्या हुँदैन ।"

मुस्ताङमा टावर निर्माण नभएका ठाउँमा समान्य विद्युत्को पोलमा बिटिएस प्रणाली जडान गरेर टेलिकमले सेवा विस्तार गरेको छ ।

सदरमुकाम जोमसोम बजारमा 'फोरजीसेवा' विस्तार भइसकेकाले गाउँमा पनि आवश्यकताको आधारमा स्तरोन्नति गरिने टेलिकमलेजनाएकोछ।धेयगाउँको टावरमा सौर्यऊर्जा जडान भएपछि विद्युत् नभएको बेलामा समेत उपल्लो मुस्ताङमा सञ्चार सेवा अवरुद्ध नहुने प्रमुख शर्माले बताउनुभयो ।

# मनाङमा हेलिकोप्टरमार्फत् विद्युत्का सामग्री ढुवानी

पोखरापत्र संवाददाता

मनाङ, २९ भदौ

विकट हिमाली जिल्ला मनाङमा बाढीपहिराका कारण तीन महिनादेखि सडक पूर्णरुपमा अवरुद्ध छ ।

भत्किएका सडक मर्मत तथा निर्माणको काम नभएपछि यातायात, विद्युत, सञ्चार क्षेत्र पूर्णरुपमा प्रभावित भएका छन् । लामो समयदेखि सडक सञ्जाल निर्माण नहुँदा दक्षिण कोरियामा रहँदै आएका मनाङको चामेवासी युवाको सहयोगमा हेलिकप्टर चार्टर गेरर जलविद्युत्का सामग्री ढुवानी गरिएको छ ।

तीन महिनादेखि डुम्रे-बेँसीशहर-चामे सडकखण्ड पूर्णरुपमा अवरुद्ध छ । सडकमार्फत् सवारीसाधन मात्रै नभई बटुवासमेत आवतजावत गर्नसक्ने अवस्थामा छैन । लघु जलविद्युत् आयोजनामा निर्भर मनाङमा उज्यालोका लागि युवाले सहयोग पुऱ्याएका छन् ।

राष्ट्रिय विद्युत् प्रसारण लाइनसँग जोडिएको विद्युतमा पनि बाढीपहिरोले क्षति पुऱ्याएको छ । बाढीपहिरोले क्षति पुऱ्याएको जलविद्युत् मर्मतका लागि हेलिकप्टर चार्टर गरी आवश्यक सामग्री ढुवानी गरिएको समाजसेवी विनोद लामाले जानकारी दिनुभयो ।

चामे लघु जलविद्युत् आयोजना मर्मत तथा सम्भार र निर्माणका लागि हेलिकप्टर चार्टर गरी आवश्यक पाइपलगायत सामग्री ढुवानी गरिएको लामाले बताउनुभयो । हेलिकप्टरमार्फत बेँसीशहरबाट सदरमुकाम चामेसम्म उक्त सामग्री ल्याइएको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारबाट सरकारी कार्यालयको सेवा प्रवाहको सहजताका लागि सौर्य ऊर्जा जडान गरिएको छ तर सरकारी कामकाजका लागि सहज भए पनि सर्वसाधारण हालसम्म पनि अन्धकारमा रहँदै आएका छन्।चामेवासीलाई लघु जलविद्युत् आयोजना मर्मत भएपछि बिजुलीको उपलब्ध हुनेछ । लामो समयसम्म सौर्य ऊर्जाले धान्नसक्ने अवस्था नरहेकाले जलविद्युत् आयोजनाको निर्माणका लागि वैदेशिक रोजगारीमा रहेका चामेवासीले सहयोग पुऱ्याएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । उहाँले वैदेशिक रोजगारीमा दक्षिण कोरियामा रहनुहुने दाजुभाइ दिदीबहिनीप्रति आभार व्यक्त गर्नुभएको छ ।

सदरमुकाम चामेदेखि भ्राताङसम्म विसं २०७७ माघमा पहिलो पटक राष्ट्रिय प्रसारण लाइनको विद्युत् आपूर्ति भएको थियो । मनाङमा लमजुङको मस्याङ्दी-५ घेर्मुस्थित राधी साना जलविद्युत् आयोजनामा निर्मित सवस्टेसनबाट २९ किलोमिटर तार टाँगेर ३३ केभी विद्युत् प्रसारण लाइन चामे-१ स्यार्कुस्थित सवस्टेसनमा जडान गरिएको थियो ।

नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख इञ्जिनीयर मिलन सुवेदीले लगातारको वर्षासँगै आएको बाढीपहिरोले मनाङस्थित प्रसारण लाइन मर्मत कार्य थालिएको बताउनुभयो । उहाँका अनुसार बाढीपहिराले प्रसारणमा एक करोड ७० लाख बराबरको क्षति पुगेको छ ।

बाढीपहिराले ३३ केभी लाइनको ८.४ किलोमिटरको ११६ वटा खम्बा, ५.६ किलोमिटरको ११ केभी लाइनको ८८ वटा खम्बामा क्षति पुऱ्याएको छ । चार सय भोल्टको ५१ खम्बामा क्षति पुगेको सुवेदीले बताउनुभयो । यी स्थानमा हेलिकप्टरबाट मात्रै सामग्री ढुवानी गर्न सकिने भएको छ ।

# सोलारबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा

– कृष्ण न्यौपाने
दमौली, २९ भदौ (रासस)

नेपालको राष्ट्रिय प्रसारण लाइनमा सोलारबाट उत्पादित पाँच मेगावाट विद्युत् थपिएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारामा निर्माण सम्पन्न भएको सोलार फार्म प्रालिबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा थपिएको हो ।

निजी क्षेत्रबाट प्रथम विद्युत् बिक्री सम्झौता गर्ने सो कम्पनीबाट उत्पादित विद्युत् बेलचौतारा सवस्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। सो सौर्य ऊर्जा परियोजनाको आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले शुभारम्भ गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भुसालले सरकारी र निजी क्षेत्रको सहभागितामा ऊर्जाको विकास सम्भव रहेको बताउनुभयो । सरकारले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकता दिएको बताउँदै मन्त्री भुसालले भन्नुभयो, “हामीसँग ठूलो स्रोत छ, तर सँगसँगै मिश्रित नीतिको ऊर्जामा पनि गएका छौं ।” मन्त्री भुसालले राज्यको तर्फबाट सातै प्रदेशमा जलाशययुक्त आयोजना उत्पादन गर्ने निर्णय गरिएको र प्रदेश नम्बर २ मा २०० मेगावाट क्षमताको सोलार आयोजना निर्माण गर्ने निर्णय भएको जानकारी दिनुभयो । गरिबीको रेखामुनि रहेका जनतालाई २० युनिटसम्म निःशुल्क गर्ने निर्णय गरिएको र त्यसबाट १८ लाख परिवारका एक करोड ४० लाख जनता लाभान्वित हुने उल्लेख गर्नुभयो ।

विद्युत् दर महँगो रहेको उल्लेख गर्दै मन्त्री भुसालले यसलाई न्यूनीकरणका लागि सरकारले निर्णय गरेको मन्त्री भुसालले बताउनुभयो । “अब हाम्रो भान्सामा विद्युतीय चुलोको प्रयोग गरौं, यसले हाम्रो अर्थतन्त्रको विकास हुन्छ”, उहाँले भन्नुभयो, “सँगसँगै व्यापार घाटा पनि न्यूनीकरणमा सहयोग पुग्छ ।” जलाशययुक्त आयोजनालाई प्राथमिकता दिएको चर्चा गर्दै मन्त्री भुसालले प्रदेश नम्बर १ मा दूधकोशी, प्रदेश नम्बर २ मा सोलार, गण्डकी प्रदेशमा बूढीगण्डकी, लुम्बिनीमा नौमुरे, कर्णालीमा नलसिंगाढ र सुदूरपश्चिममा पश्चिम सेती आयोजना निर्माणलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो । सन् २०१७ बाट निर्माण सुरु भएको परियोजना कोभिडका कारण ढिलाइ भएको प्रालिका अध्यक्ष मोहन गुरुङले जानकारी दिनुभयो । “कोभिड सङ्क्रमण र निषेधाज्ञाका कारण तोकिएकै समयमा विद्युत् उत्पादन गर्न सकेनौं, तर ढिलै भए पनि सोलारबाट विद्युत् उत्पादन गर्न सफल भएका छौं”, गुरुङले भन्नुभयो, “सोलार आयोजना निर्माण गर्न सबैको सकारात्मक सहयोग प्राप्त भयो ।”



कम्पनीले निकट भविष्यमा १५ मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ । गुरुङका अनुसार स्याङ्जा जिल्लामा १२ र तनहुँ जिल्लामा थप तीन मेगावाट विद्युत् उत्पादन गर्ने सोच लिइएको छ । आयोजनामा बेलायतमा बसोबास गर्ने नेपालीले स्थापना गरेको ‘नेपाल कर्पोरेटिभ इन्भेष्टमेन्ट समूह’ ले लगानी गरेको छ । रु ४३ करोडको लगानीमा आयोजना निर्माण सम्पन्न भएको हो । आयोजनामा डोल्मा इम्प्याक्ट फण्ड र स्थानीय केही व्यवसायीको पनि लगानी रहेको छ । प्रालिका प्रमुख कार्यकारी अधिकृत एलएन पाण्डेले सरकारले मिश्रित ऊर्जा प्रणालीको अवधारणा ल्याएपछि सोलार परियोजना सुरु गरिएको जानकारी दिनुभयो । सोलार परियोजना जलविद्युत्को तुलनामा एक तिहाइ कम लगानी हुने भएपछि सोलार परियोजनालाई जोड दिइएको कार्यक्रममा पाण्डेले बताउनुभयो ।

डोल्मा इम्प्याक्ट फण्डका सञ्चालक एवं प्रालिका सञ्चालक विद्यावारिधी सिन्देलले नेपालमा नवीकरणीय ऊर्जा, सोलार, जलविद्युत्मा लगानी गरिएको जानकारी दिनुभयो । उक्त फण्डबाट ७५ मिलियन अमेरिकी डलर पुँजी परिचालन गरिएको छ । शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिकुमार श्रेष्ठले सबैको सहयोगबाट सौर्य परियोजना निर्माण सम्पन्न भएकामा धन्यवाद ज्ञापन गर्नुभयो ।

आयोजनामा १३ हजार ५०० सौर्य प्यानल जडान गरिएको छ । प्रालिले बेलचौतारास्थित भानुभक्त क्याम्पसको १०० रोपनी जग्गा भाडामा लिएको छ । नेपाल विद्युत् प्राधिकरणसँग विसं २०७५ साउनमा विद्युत् खरिद सम्झौता (पिपिए) हुँदा आयोजनाबाट विसं २०७६ साउनदेखि विद्युत् उत्पादन सुरु गर्ने तालिका थियो । सुरुमा प्रसारण सम्झौता हुँदा उत्पादन हुने विद्युत् दमौली सवस्टेसनमा जोडिने भनिएको थियो । अहिले ५०० मिटर दूरीको बेलचौतारा सवस्टेसनमा जोड्ने गरी प्राधिकरणसँग प्रसारण सम्झौता संशोधन गरिएको छ ।

भारतको रेनेर्गी कम्पनीले सोलार परियोजना निर्माण गरेको हो । सोलार परियोजना नेपालकै नमूना भएको कम्पनीले जनाएको छ । विश्वका उच्च प्राविधिको उपकरण यहाँ जडान गरिएको बताइएको छ । आयोजनाबाट दैनिक करिब २४ हजार युनिट विद्युत् उत्पादन हुनेछ । आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले २५ वर्षसम्म प्रतियुनिट रु ७.३० मा खरिद गर्नेछ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको ‘ग्रिड कनेक्टेड सौर्य विद्युत् विकाससम्बन्धी कार्यविधि २०७४’ अनुसार प्राधिकरणसँग पिपिए गर्ने यो पहिलो सौर्य विद्युत् आयोजना हो ।

# मिर्गौलापीडितलाई साढे चार लाख सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, २९ भदौ

तनहुँ समाज हङकङले जिल्लाका दुई मिर्गौला पीडितलाई आर्थिक सहयोग गरेको छ । समाजले तनहुँको ऋषिङ गाउँपालिका–८ पल्टयाङ घर भएका दुई मिर्गौला पीडितलाई रु चार लाख ५७ हजार आर्थिक सहयोग गरेको हो ।

दुवै मिर्गौला रोग उपचारका क्रममा रहेका ४१ वर्षीय लुमबहादुर रिमाली र ३६ वर्षीय खिमबहादुर नेपालीलाई समाजको तर्फबाट आर्थिक सहयोग गरिएको हो । सोमबार खैरेनीटारमा समाजका पूर्वअध्यक्ष भीमराज गुरुङले पीडितद्वयलाई भेटेर रकम हस्तान्तरण गर्नुभएको छ ।

पीडित नेपालीलाई रु दुई लाख ७४ हजार २०० र रिमालीलाई रु एक लाख ८२ हजार ८०० सहयोग गरिएको समाजका सचिव सुवित गुरुङले जानकारी दिनुभयो । उनीहरूको नियमित डायलायसिसलगायतका उपचारमा रकम अभाव भएको खबर स्थानीय टोलबहादुर थापाले हङकङमा रहेका आफ्ना दाजु लालबहादुर थापालाई बताएपछि उहाँको सक्रियतामा हङकङमा रहेका नेपालीहरूबाट रकम सङ्कलन गरिएको थियो ।

समाजले जिल्लामा विगत १० वर्षदेखि शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका सामाजिक क्षेत्रमा योगदान गर्दै आइरहेको छ । समाजले कोभिड महामारीको बेला १० वटै स्थानीय तहमा रु १५/१५ हजार सहयोग गरेको थियो । साथै गत असारमा आएको पहिराबाट पीडित भएका ऋषिङका पहिरापीडितलाई समाजले रु दुई लाख ४४ हजार सहयोग गरेको थियो ।

समाजले जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउन रु १५ लाखको अक्षयकोष पनि स्थापना गरेको छ । विसं २०५६ मा स्थापित समाजले जिल्लाको विभिन्न विद्यालयमा उक्त अक्षयकोषको ब्याजबाट प्राप्त रकमले सहयोग गर्दै आइरहेको छ । दमौलीस्थित गण्डकी विकास बैंकमा स्थापित अक्षयकोषको ब्याजबाट प्रत्येक वर्ष बालबालिकाका लागि समाजले सहयोग गर्दै आएको छ । समाजले यसका अतिरिक्त भानु जन्मस्थल विकास समितिमा रु पाँच लाखको लगानीमा पुस्तकालय स्थापना गरेको छ भने साथै क्यामिनको छापथोक, भीमादलगायतका स्थानमा खानेपानी आयोजनामा पनि आर्थिक सहयोग गरेको छ ।

समाजमा ४०० जना तनहुँवासी आबद्ध छन् । समाजले हङकङमा समेत विविध कार्यक्रम गर्दै आएको छ । समाजले भावनात्मक विकास गर्ने र हङकङमा बस्ने नेपाली कसैलाई दुःख पर्दा साथ दिँदै आएको छ ।

# पुराना व्यवसायी सम्मानित

पोखरापत्र संवाददाता
बागलुङ, २९ भदौ

नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन बागलुङले यहाँका दुई व्यवसायीलाई सम्मान गरेको छ । सङ्गठनको दोस्रो जिल्ला अधिवेशनका अवसरमा पुराना व्यवसायी लालचन्द्र राजभण्डारी र रतनप्रसाद मलेपती सम्मानित हुनुभएको हो ।

अधिवेशनको उद्घाटन समारोहमा आज सङ्गठनका केन्द्रीय अध्यक्ष श्यामबहादुर पाठक र जिल्ला अध्यक्ष राजबहादुर थापाले उहाँहरूलाई संयुक्तरूपमा दोसल्ला र सम्मानपत्र प्रदान गर्नुभएको थियो । राजभण्डारी सङ्गठनका संस्थापक अध्यक्ष र मलेपती पूर्वअध्यक्ष एवं केन्द्रीय सदस्य हुनुहुन्छ । राजभण्डारी विगत ५५ वर्षदेखि पुस्तक तथा स्टेशनरी व्यवसायमा सक्रिय हुनुहुन्छ । मलेपतीको खाद्यान्न पसल छ । सङ्गठन र व्यावसायिक क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याएवापत उहाँहरूलाई सम्मान गरिएको जिल्ला अध्यक्ष थापाले बताउनुभयो ।

सम्मान ग्रहणपछि व्यवसायी राजभण्डारीले कठिन स्थितिमा जन्मेको सङ्गठन यहाँसम्म आइपुगेको स्मरण गर्नुभयो । उहाँले सही विचार र दृष्टिकोणले व्यावसायिक क्षेत्रलाई पनि दिशानिर्देश गर्ने हुँदा आफू त्यसबेला सङ्गठनमा आबद्ध भएको उल्लेख गर्नुभयो । सो अवसरमा विचार राख्दै सङ्गठनका केन्द्रीय अध्यक्ष पाठकले राष्ट्रिय अर्थतन्त्र सुदृढ नभएसम्म मुलुक समृद्ध बन्न नसक्ने बताउनुभयो । उहाँले सबल र स्वाधीन अर्थतन्त्र भएमा मात्र जनताको जीवनस्तर उकासिने उल्लेख गर्नुभयो । अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने जनाइएको छ ।

विसं २०६४ मा स्थापित सङ्गठन व्यवसायीको हकहितका पक्षमा क्रियाशील छ । जिल्लाका दशवटै स्थानीय तहमा यसका एकाइ समिति छन् । सातसयभन्दा बढी व्यवसायी सङ्गठनमा आबद्ध रहेको जिल्ला अध्यक्ष थापाले जानकारी दिनुभयो ।

# नाहालामा पशुसेवा केन्द्रको नयाँ भवन

पोखरापत्र संवाददाता
दमौली, २९ भदौ

तनहुँको बन्दीपुर गाउँपालिका–१ नाहालामा रु एक करोडको लागतमा पशु सेवा केन्द्रको भवन निर्माण सम्पन्न भएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका लगानीमा निर्माण सम्पन्न भएको भवनको सोमबार गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले शुभारम्भ गर्नुभयो ।

विसं २०७७ भदौदेखि निर्माण सुरु भएर चैतमा निर्माण सम्पन्न भएको पशुसेवा केन्द्रको भवनको स्वामित्व गत साउन पहिलो साता गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो । रु ९८ लाख ६१ हजार ४४९ को लागतमा भवन निर्माण गरिएको हो । सोही भवनबाट गाउँपालिकाको पशु सेवा शाखा पनि सञ्चालन गरिएको छ । गाउँपालिका अध्यक्ष थापाले पशुपालनलाई व्यावसायिक बनाउन गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले परम्परागतरूपमा पशुपालन गर्दै आएका कृषकलाई व्यावसायिक बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको छ भन्नुभयो । भवन निर्माणपछि गाउँपालिकाभित्रका पशुपालक कृषकले अब पशुको उपचार यहीबाटै गर्न पाउने वडाध्यक्ष भानुभक्त पोखेलले बताउनुभयो । यहाँ चिकित्सकसहितको दरबन्दी खटाउने तयारी गरिएको छ । साथै यहाँ प्रयोगशालासमेत सञ्चालन हुनेछ । प्रयोगशालाका लागि आवश्यक उपकरण नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले सहयोग गर्ने भएको छ ।

दरबन्दी अभाव भएकाले पूर्ति गरेर उपकरणसहित सेवा प्रवाहको थालनी गरिने पशु सेवा शाखा प्रमुख मधु न्यौपानेले जानकारी दिनुभयो । पशुको उपचारका लागि दमौली जानुपर्ने बाध्यता अब हट्ने उहाँले बताउनुभयो । सुरुआती चरणमा यहाँबाट गोबर परीक्षण, कृत्रिम गर्भाधानलगायतका सेवा दिने तयारी थालिएको छ । उक्त भवनमा छकोठाका साथै शल्यक्रिया कक्ष र डिस्पोजल कक्ष रहेको छ । गाउँपालिकाभित्र पशुपालन गर्ने कृषकको सङ्ख्या बढ्दै गएकाले पशुको उपचारका लागि पशु सेवा केन्द्र अतिआवश्यक थियो । भवन निर्माणका लागि सोही ठाउँ निवासी छलिमाया श्रेष्ठले एक रोपनी जग्गा गाउँपालिकालाई दान गर्नुभएको थियो ।

यो वडालाई बाख्रा पकेट क्षेत्रका रूपमा विकास गरिएको छ । मासुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित बाख्रा पकेट क्षेत्रका रूपमा अगाडि बढाइएको छ । यसका लागि वडाले बाख्रापालक कृषकलाई सहयोग गर्दै आइरहेको छ । “बाख्रा पकेट क्षेत्रका रूपमा विकास गर्न बाख्रापालक कृषकलाई प्राविधिक तालिम, घाँसको बिरुवा र खोर सुधारका लागि वडाले सहयोग गर्दै आएको छ”, न्यौपानेले भन्नुभयो, “व्यावसायिकरूपमा बाख्रापालनतर्फ कृषक आकर्षित भइरहेका छन् ।”

गाउँपालिकाले पशुपालक कृषकलाई लक्ष्य गरी माउ बाख्रा वितरण, दूध उत्पादनमा प्रतिलिटर रु एक अनुदान, घाँस तथा औषधि वितरणलगायतका सहयोग गर्दै आएको छ । गाउँपालिकाले बन्दीपुर–५ मा सेवा केन्द्र स्थापना गरी पशुपालक कृषकलाई सेवा दिइरहेको छ ।

# १८ फरार अभियुक्त पक्राउ

पोखरापत्र संवाददाता
गोरखा, २९ भदौ

जिल्ला प्रहरी कार्यालय गोरखाले विभिन्न घटनामा संलग्न १८ फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

प्रहरीले जिल्ला अदालत गोरखाबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना फैसला सुनाइ फरार हुँदै आएका अभियुक्तलाई पक्राउ गरी कारागार चलान तथा जरिवाना असुल उपर गरिएको प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो ।

पक्राउ परेका अभियुक्तमध्ये चारजनालाई अदालतको फैसला बमोजिम कैद सजाय भुक्तानीका लागि कारागार चलान गरिएको उहाँले बताउनुभयो । दाहालका अनुसार बैंकिङ कसूर शीर्षकमा मुद्दा फैसला गरी सजाय सुनाइएका गण्डकी गाउँपालिका–४ का लोकबहादुर भट्ट, सरकारी कागजात किर्तेशीर्षक मुद्दामा सजाय सुनाइएका शहीद लखन–७, का अनिल तिवारीलाई कारागार चलान गरिएको प्रहरीले जनाएको छ । त्यस्तै लागुऔषध मुद्दा सजाय सुनाइएका शहीद लखन गाउँपालिका–६ का नारायण योगी र गोरखा नगरपालिका–९ का रवीन खत्रीलाई पनि पक्राउ गरी जेलचलान गरिएको उहाँले बताउनुभयो । पक्राउ परेका अन्य १८ जना अभियुक्तलाई फैसला कार्यान्वयनका लागि सम्बन्धित निकायमा बुझाइ जरिवाना असुल उपर गरी छोडिएको उपरीक्षक दाहालले जानकारी दिनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९८३ भाद्र

स्वर्गारोहणः
वि.स. २०७८ भाद्र १८ गते

**स्वः भक्ति कोइराला**

यस श्रीपति कोइराला गुठीकी सक्रिय सदस्य पोखरा महानगरपालिका–४ निवासी **भक्ति कोइराला** को ९५ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लक्ष्मण प्रसाद कोइराला**
**अध्यक्ष तथा**
**श्रीपति कोइराला गुठी परिवार**